बैठक नं. १८

आज मिति २०७९ माघ ५ गते, बुधबार दिनको ३:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

**विषयहरु :**

१. अन्तर नगर खेलकुद प्रतियोगितामा सहभागिता गराउने बारे ।

२. प्रेसको मेशिन मर्मत बारे ।

३. समिति निर्णय अनुमोदन बारे ।

४. विविध ।

**निर्णयहरु :-**

१. भक्तपुर नगरपालिकाको १३ औं नगर सभा नेपाल मजदुर किसान पार्टीका श्रेद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा निम्न मिति, समय र स्थानमा गर्ने निर्णय गरियो :

मिति : २०७९।१०।२३ गते, सोमबार
समय : दिनको १:०० बजे
स्थान : ख्वप इन्जिनियरिङ्ग कलेज, लिवाली

२. यस नगरपालिकाद्वारा संचालित अपसेट प्रेसको रोलरहरु २३ वर्षभन्दा पुरानो भई रोलरहरु खिएर मसी कम लाग्ने भई रोलको कारण छपाई गर्दा फोटोहरु नराम्रो आउने समस्या भएकोले उक्त मेशिनको एक सेट रोलरहरु फेर्नु पर्ने भएको र उक्त मेशिन (ADAST) चेक मेशिन, डम्पिङ्ग रोलर, ब्यारिङ्ग र मिस्ट्री ज्याला गरी जम्मा रकम रु.१,९६,०००।- (अक्षेरुपी रु. एक लाख छ्यानब्बे हजार) रुपैया खर्च हुने देखिएको भनी इष्टमेट विलसहित निवेदन पेश भएको हुंदा उक्त अपसेट प्रेसको उल्लेखित सामानहरु मर्मत गराउने निर्णय गरियो ।

३. अन्तर नगर खो खो प्रतियोगितामा नगरपालिकाहरुलाई सहभागिता गराउन जनप्रतिनिधिहरुलाई विभिन्न स्थानीय तहहरुमा अध्ययन भ्रमणको व्यवस्था गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क सूचिकरण समिति**

मिति २०७९।१०।५ गतेको सूचिकरण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

भक्तपुर नगरपालिकाको “साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास हुने र सूचीकरण सम्बन्धि कार्यविधि २०७७” अनुसार नक्सा पास हुने र सूचिकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचिकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसार निर्णय गरियो ।

| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | सूचिकरण समितिको सिफारिस विवरण | सूचिकरण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | हरिराम बोयजु समेत | भ.न.पा. हाल २ साविक १५ | ७८२ र ७८३ | ०-०-०-१ र ०-०-३-३ | नक्सा पास तथा सूचिकरण समेत नमिल्ने । | ०७९।७।१५ | नक्सा पास तथा सूचिकरण समेत गर्न नमिल्ने । |
| २ | बद्री बहादुर ज्याख्व समेत ५ जना | भ.न.पा. हाल १ साविक १७ | ७४० | १-६-२-० | नक्सा .पास हुने | ०७९।७।१५ | नक्सा पास हुने |
| ३ | कमल त्यात र धन त्यात | भ.न.पा. हाल ७ | ११८ | ०-३-१-० | सूचिकरण हुने | ०७९।७।१५ | सूचिकरण हुने |
| ४ | कान्छी सुवाल | भ.न.पा. हाल १ साविक १७ | ५२९ र ५३१ | ०-२-२-० र ०-०-२-३ | सूचिकरण हुने | ०७९।७।१५ | सूचिकरण हुने |
| ५ | श्याम सुन्दर प्रजापति | भ.न.पा. हाल ८ साविक २ | २५३ | ०-२-२-२.५ | सूचिकरण हुने | ०७९।७।१ | सूचिकरण हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ५ | |
| ६ | राम कृष्ण प्रजापति | भ.न.पा. हाल ८ साविक २ | २५४ | ०-२-२-२.५ | सूचिकरण हुने | ०७९।७।१५ | सूचिकरण हुने |
| ७ | गणेश मान नकर्मी | भ.न.पा. हाल ८ साविक २ | ३९१ | ०-२-०-० | सूचिकरण हुने | ०७९।७।१५ | सूचिकरण हुने |

**ख. बजार अनुगमन समिति**

मिति २०७९।१०।५ गतेको बजार अनुगमन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. बजार अनुगमन कार्यमा सहभागीहरुलाई खाजा खर्च वापत रकम उपलब्ध गराउन समितिका सदस्य रीता फसिकवाको नाममा रु.१,००,०००।- (अक्षेरुपी रु. एक लाख) पेश्की लिने निर्णय गरियो ।

ख. पसल/व्यवसाय संचालनबारे पूरा गर्नु पर्ने मापदण्डहरु बारेमा संचालकहरुलाई सुसूचित गराउन नगरपालिकाबाट ब्रोसर छपाई गरी वितरण गर्ने निर्णय गरियो ।

**ग. आर्थिक  तथा लेखा समिति**

मिति २०७९।१०।४ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सबै स्थानीय तहमार्फत संचालन हुने सःशर्त अनुदानका रुपमा उपलब्ध बजेट तथा कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम संचालन तपसिलमा उल्लेखित महानुभावहरु रहने गरी लघु उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : श्री सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

सदस्य : श्री हरिप्रसाद बासुकला, २ नं. वडाअध्यक्ष, भक्तपुर नगरपालिका

सदस्य : श्री कृष्ण गिरी, प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका

सदस्य : श्री  संयोजकले तोको कार्यक्रमा लागू भएको वडाको महिला सदस्य

सदस्य : श्री स्थानीय स्तरमा रहेको महिला लघु उद्यमी

सदस्य : श्री विरेन्द्र जति, व्यवसायी

सदस्य : श्री प्रभाषकुमार चालिसे, उपनिर्देशक, भक्तपुर नगरपालिका

२. भक्तपुर नगरपालिका अन्तर्गत रहेका खप्ने तथा नखप्ने जिन्सी सामानहरुको निरीक्षण गर्न निम्न सदस्य रहने गरी जिन्सी निरीक्षण समिति गठन गर्ने निर्णय गरियो :

संयोजक :

सदस्य : श्री राजन सुवाल, ईन्जिनियर, भक्तपुर नगरपालिका

सदस्य : श्री कृष्ण गोविन्द सुवाल, वरिष्ठ सहायक, भक्तपुर नगरपालिका

३. भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारीमा संचालन भएको श्री जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. का बचतकर्ता ७८ जनाबाट श्री जनशक्ति बचत तथा ऋण सहकारी संस्थाबाट बचत रकम फिर्ता नदिएको निवेदन पर्न आएको र सो सम्बन्धमा मिति २०७९।९।११ गते सोमबार छलफलको लागि संचालक समिति, लेखा समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई बोलाइएकोमा निजहरु उपस्थित नभएको हुंदा संस्थाका अध्यक्ष डम्बरबहादुर बस्नेतको नाउंमा दर्ता भएको जिल्ला पशु सेवा कार्यालय, भक्तपुरको नाउंमा गोलोक एग्रो भेद प्रा.लि. को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता भएको दधिकोट गा.वि.स.वडा नं. ३ हाल सूर्यविनायक नगरपालिका वडा नं. ४ कित्ता नं. ११६८ क्षे.फ. ५–०–०–० जग्गा बेचविखन गर्न नपाउने गरी रोक्का गरिदिन सम्बन्धित मालपोत कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

४. पसल/व्यवसाय संचालनबारे पूरा गर्नु पर्ने मापदण्डहरु बारेमा व्यवसाय संचालकहरुलाई सुसूचित गराउन नगरपालिकाबाट ब्रोसर छपाई गरी वितरण गर्ने निर्णय गरियो ।

**ग. निर्माण समिति**

मिति २०७९/१०/०४ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.र कम | रि ल.ई./क बोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबालीमा ढल व्यवस्थापन मर्मत कार्य | ८ | मर्मत | २२,५२३।४४ | | | | | | | | |
| २ | हनुमानघाट स्थित लोकेश्वर मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | २,३८८,१६३।७२ | | | | | | | | पहिलो चरणको उपभोक्ता समिति लाई निरन्तरता दिने |
| **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमलविनायक पोखरीको दक्षिणतर्फको ढुंगाको बाउण्डरी वाल मर्मत कार्य | १० | मर्मत | ३०२,६४३।३८ | ३७६,६२२।८८ | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे आवास क्षेत्रको ठेगाना प्रणाली लागु गर्ने | ९ | वातावरण शीर्षक | १,३५९,१३८।०० | | | उ.स.अ.:श्री विष्णुप्रसाद दुमरू<br>अ.स.स.:श्री इन्द्रबहादुर प्याथ | | | | | |
| २ | सुपुज्व सल्लाघारी कुवा तथा बाटोको वर्खाको पानी निकास मर्मत कार्य | १ | मर्मत | १,१८६,०६८।७५ | | | उ.स.अ. : श्री रोशन बाइजु<br>अ.स.स. :श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | |
| ३ | तुमचो, दुगुरे र ब्रम्हायणी क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण कार्य | ९ | नपा | १,५९२,७९७।३७ | | | उ.स.अ :श्री दिलबहादुर कासिछ्वा<br>अ.स.स.:श्री छोरीमैया सुजखु (प्रजापति) | | | | | |
| ४ | याताबाट क्वाकचा जाने ढुगा छपाई बाटो मर्मत | ७ | सडक बोर्ड नेपाल र नपा | १,२९२,४३९।७५ | | | उ.स.अ. : श्री एण्डिज ग्वाछा<br>अ.स.स. : श्री हेरा ख्याजु | | | | | |

**४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो**

**क. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३४ प ८६३० नं को मोटर साईकलमा सर्भिसिङ्ग गरे वापत रु.३१५०। र को १ स १६७१ नं ट्राइसाइकलमा आवश्यक सामान फेरे वापत रु.५४०० गरी जम्मा रु.८५५०। लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।**

ख. भक्तपुर नगरपालिकाद्वारा संचालित को १ स १६८७ नं को फोहोर संकलन गर्ने गाडीमा ब्याट्री फेरे वापत रु.४,३४८। नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग ३२४० नं को फोहोर मैला संकलन गर्ने गाडीमा आवश्यक डिजेल फिल्टर, मोबिल फिल्टर तथा अन्य सामान फेरे वापत रु.१४,९७२।५० र बा १ ग २२६३ नं. गाडीमा आवश्यक सामान फेरे वापत रु.३७,६८५।५० गरी कुल जम्मा रु. ५२,६५८। सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित प्र ०१-००१ ग ४१८३ नं गाडीमा मर्मत गरे वापत रु.२१,४७०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित प्र.नं. ३-०१-००२ झ ५४९६ नं. एम्बुलेन्स सेवा गाडीमा ब्रेक प्याड फेरे वापत रु १४,८५७।३४ सिप्रदी ट्रेडिङ्ग प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर संकलन गर्ने ००१ ग ४१८३ नं. गाडीमा साइरन, आइम राखे वापत रु. १८,८१५।- बास इलेक्ट्रोनिक्स ट्रेडलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ५ च २५२८ नं. जिपमा आवश्यक सामान खरिद गरी मर्मत गरे वापत रु.२१,६२९।८२ डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. वडा नं. ७ निवासी सुतेज दुवालले रत्न राज्य लक्ष्मी क्याम्पसमा नेपाल भाषा विषयको स्नातकोत्तर तहमा अध्ययन गर्न छात्रवृति माग गरेको सम्वन्धमा निजले पेश गरेको शुल्क संरचना अनुसार निजलाई नेपाल भाषा विषयमा स्नातकोत्तर गर्न ६२,५००।- छात्रवृति दिने निर्णय गरियो ।

झ. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.१३,७५०।- झःछैं नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकामा शैक्षिक ऋणको अन्तर्वार्तामा उपस्थित वडाध्यक्ष तथा कर्मचारीहरुलाई खाजा उपलब्ध गराए वापत रु. ७४८०।- लक्ष्मी नारायण त्वायनालाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिका कार्यपालिका सदस्य श्री रोशन मैंया सुवालले अपाङ्गता भएको व्यक्तिहरुको सहयोग कार्यक्रमका लागि न.पा बाट रु.२००,०००।- पेश्की लिएकोमा रु.२,४२,९१४। -बराबरको खर्च भर्पाई पेश गरी नपुग रकम रु.४२,९१४।- भुक्तानी लिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिका कार्यपालिका सदस्य श्री सुनिता अवालले नगरभित्रका शिक्षकहरुलाई खेलकुद प्रशिक्षण तालिम संचालन गर्न न.पा बाट रु.२००,०००।- पेश्की लिएकोमा रु.१,८४,०४१।- बराबरको खर्च भर्पाई पेश गरी बांकी रकम रु.१५,९५९।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाद्वारा संचालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई यस न.पा. को चालू आ.व. २०७९/०८० मा विनियोजित चालू खर्चतर्फको स्वास्थ्य संस्थालाई विनियोजित रकम शीर्षकमध्ये हाललाई उक्त संस्थानलाई रु. एक करोड  रकम दिने निर्णय गरियो ।